# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७५/०२/०४ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

आयुर्वेद चिकित्सालय नरदेवी, काठमाडौंका निमित्त निर्देशक (बरिष्ठ कन्सल्टेण्ट कायचिकित्सक) डा.रामदेव यादवले आयुर्विज्ञान अध्ययन संस्थान, नयाँ बानेश्वर काठमाडौंमा आयुर्वेद स्वास्थ्य सहायक तेस्रो वर्षमा अध्ययनरत विद्यार्थिहरुलाई O.J.T(प्रशिक्षण/तालिम) मा सहभागी गराउनका लागि घुस/रिसवत माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टंगालबाट खटिइ गएको टोलीले निजलाई मिति २०७५/०१/०४ गते रु.३७,०००/-(सैंतिस हजार) घुस बापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिइ अनुसन्धान हुँदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम कसुर गरेको देखिन आएकोले निजलाई बिगो रु.३७,०००/-(सैंतिस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (ख) बमोजिम बिगो जफत गरी बिगो बमोजिम जरिवाना र तीन महिना देखी चार महिनासम्म कैद सजाय हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(दीर्घराज मैनाली)
सह-सचिव एवं प्रवक्ता